# बहु क्षेत्रीय पोषण योजना
# अर्ध बार्षिक प्रगति प्रतिवेदन
# अछाम

## आ.ब. २०७३।०७४

प्रतिवेदन अवधी : २०७३ साल श्रावण देखि पौष मसान्त सम्म ।

**पेशः**

**नेपाल सरकार**
**संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय**
**सिंहदरबार, काठमाण्डौ ।**

पोषण तथा खाद्य सुरक्षा नेपाल




स्थानिय विकास अधिकारी

**पेश कर्ता :**


**नेपाल सरकार**
**जिल्ला बिकास समितिको कार्यालय**
**मंगलसैन, अछाम**
फोनः ०९७ -६२०१४४, फ्याक्सः०९६-६२०१२७
**Website:** ddcachham.gov.np, **Email:** info@ddcachham.gov.np

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**जिल्ला विकास समितिको कार्यालय**
मंगलसेन, अछाम

फोन : ०९७-२६०१४४
०९७-६२०१८९
फ्याक्स :०९७-६२०१२७

प.स.०७३/०७४
च.नं. १६१६

मिति :२०७३/१०/१२

श्री संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय,
ग्रामिण बिकास समन्वय शाखा
सिंहदरबार, काठमाण्डौ ।

**<u>बिषय: प्रगति प्रतिबेदन पठाएको बारे ।</u>**

उपरोक्त सम्बन्धमा यस जिल्लामा बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन भै रहेको व्यहोरा अबगत नै छ । यसै सन्दर्भमा बहु क्षेत्रीय पोषण योजना अर्न्तगत २०७३ श्रावण देखि पौष मसान्त सम्मको अर्ध बार्षिक प्रगति प्रतिबेदन यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

..........................
(तोयनारायण सुवेदी)
स्थानीय विकास अधिकारी
स्थानिय विकास अधिकारी





स्थानिय विकास अधिकारी

# बहु क्षेत्रीय पोषण योजना

# अर्ध बार्षिक प्रगति प्रतिबेदन

## अछाम

## आ.ब.२०७३।०७४

प्रतिबेदन अवधी : २०७३ साल श्रावण देखि पौष मसान्त सम्म ।





## नेपाल सरकार

## संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय

# जिल्ला बिकास समितिको कार्यालय

## मंगलसैन, अछाम

**फोन: ०९७ -६२०१४४, फ्याक्स:०९६-६२०१२७**

**Website:** ddcachham.gov.np, **Email:** info@ddcachham.gov.np




स्थानिय विकास अधिकारी

**पृष्ठभूमि :**

आमा र बच्चाको दिर्घ कुपोषणको स्थितिमा सुधार  ल्याउनको लागि राष्ट्रिय योजना आयोगको नेतृत्वमा सन २०११ देखि २०१२ सम्ममा ७ वटा सरकारी निकायको प्रतिबद्धता भएको थियो । संयुक्त रुपमा आमा र बच्चाको पोषण स्थितिमा सुधार ल्याउन प्रतिवद्धता भए अनुसार नेपालमा बालबालिकामा रहेको कुपोषणको विकराल समस्यालाई न्युन गर्न खास गरी महिला तथा बालबालिकाहरूको पोषण स्थिति सुधार गर्ने उद्देश्यले बहुक्षेत्रीय पोषण योजना(२०१३-२०१७) तयार भई विगत आ.व.२०६९।७० मा ६ जिल्लामा सञ्चालन भएको हो । बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे बमोजिम सन् २०१७ सम्ममा २८ जिल्लामा विस्तार गर्ने योजना मुताविक  हाल आएर यस आ.व.मा थप १८ जिल्ला मा विस्तार भई जम्मा २८ वटा जिल्लामा बहु क्षेत्रीय पोषण योजना लागु भई कार्यान्वयको अबस्थामा रहेको छ ।

पहिलो चरणको ६ जिल्ला मध्ये अछाम पनि एक हो । बि.स. २०६९ चैत्र ६ गते राष्ट्रिय योजना आयोगका तत्कालिन उपाध्यक्ष मा. दिपेन्द्र बहादुर क्षेत्रीले एक भब्य कार्यक्रमको बीच अछाम जिल्लमा बहु क्षेत्रीय पोषण योजना (२०१३ देखि २०१७)को शुभारम्भ गर्नु भएको थियो । पहिलो चरणमा अछाम जिल्लाका ४ वटा दुर्गम तथा पिछडीएका सिउडी, सोकट, बारला र कालेकाडा छनौट गरी जिल्लामा बहु क्षेत्रीय पोषण योजनाको शुरुवात गरिएको थियो । बिशेष गरी जिल्लामा बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनको लागि गाबिस छनौट गर्दा जिल्लाको दुर्गम तथा पिछडिएको गाबिस, DAG Mapping, खाद्य असुरक्षित, स्वास्थ्य, पोषण तथा सरफाईको सूचकमा पछि परेको साथै समाजीक, आर्थिक र शैक्षिक सूचकमा पनि पछि रहेका गाबिसहरुलाई उल्लेखित मापदण्डलाई आधारमानी  छनैाट गरिएको थियो । पहिलो बर्ष जिल्ला स्तरको अभिमुखिकरण, जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन, बिषयगत कार्यालयका प्रमुख तथा पोषण सर्म्पक व्यक्तिहरुको लागि प्रशिक्षक प्रशिक्षण तालिम लगायतका कार्यहरु सम्पन्न गरिएका थिए भने २०७०।०७१ बाट नेपाल सरकार मार्फत बार्षिक रुपमा बहु क्षेत्रीय पोषण योजना सन्चालनका लागि बजेट प्राप्त भई रहेको छ । यस जिल्लामा, २०७१ सालमा थप ६ वटा गाबिस (बाब्ला, खप्तड, देबिस्थान, तुर्माखाद, भैरबस्थान र रहफ) मा बहु क्षेत्रीय पोषण योजना बिस्तार गरिएको थियो भने २०७२ मा थप  १० गाविस (लुग्रा, ऋिषिदह, गाज्रा, जनालीकोट, ठाटी, रामारोशन, बस्ती, बिनायक,नाडा, ढुगांचाल्ना) मा कार्यकम बिस्तार गरी हाल जम्मा २० वटा गाविसमा यो बहु क्षेत्रीय पोषण योजना संचालन भईरहेको छ। २०६८ सालको राष्ट्रिय जनगणना अनुसार बहु क्षेत्रीय पोषण योजना लागु भएका सबै २० वटा गाविसमा जम्मा १३४७७ घरधुरीहरु रहेको छ भने जम्मा ७६९१८ जनसंख्या रहेको छ । जस्मा महिला संख्या ४०६०५ र पुरुष संख्या ३६३१३ रहेको छ । स्वास्थ्य मन्त्रालयको आ.ब. २०७२।०७३ को लक्षित जनसंख्या अनुसार सुनौला हजार दिन भित्रका आमा तथा बच्चा भएका घरहरूको जम्मा संख्या, ५६८७ रहेको छ भने २ वर्ष भन्दा कम उमेर भएको बच्चाको संख्या ३८४० रहेको छ त्यसै गरी अपेक्षा गरिएको गर्भवती महिलाको जम्मा संख्या २१०९ रहेको छ । २०५८ सालमा गरेको DAG Mapping अनुसार बहु क्षेत्रीय पोषण योजना लागु भएका जम्मा गाबिसहरु मध्ये ३ वटा गाउँ विकास समितिहरू(गाज्रा, जनाालीकोट र बिनायक) बिपन्नता स्तरीकरण 3A मा रहेका छन भने बाँकी गाबिसहरु स्तरीकरण 3B मा रहेका छन ।



स्थानिय विकास अधिकारी

**बजेट प्रक्रिया (गत आ.व.) :**
बहु क्षेत्रीय पोषण योजना नेपाल सरकारको प्राथमिता प्राप्त कार्यक्रम हो । यसै अनुरुप नेपाल सरकारले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र अन्य बिषयगत मन्त्रालयहरु मार्फत बजेटको व्यवस्था गरेको छ । नेपाल सरकारले रातो किताब मार्फत बजेटको व्यबस्था गरी संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय मार्फत सम्बन्धीत जिल्ला बिकास समितिलाई अख्तीयारी प्रदान गरिन्छ र जिल्ला बिकास समिति मार्फत जिल्लाका सम्बन्धीत बिषयगत कार्यालयहरुलाई बजेट निकास दिने प्रक्रिया रहेको छ ।
गत आ.ब.२०७२।०७३ मा नेपाल सरकारको स्रोतबाट कुल  रकम यस जिल्लाको लागि प्राप्त भएको थियो । सो रकम जिल्ला बिकास समितिले सम्बन्धीत बिषयगत कार्यालयहरुले पेश गरेको योजनाका आधारमा रकम निकासा दिएको थियो । यसरी जिल्ला बिकास समिति मार्फत बिषयगत कार्यालयहरुले प्राप्त गरेको बजेट र खर्च रकम यस प्रकार रहेको छ ।

| सि.नं. | बिषयगत कार्यालय | बिनियोजित रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति, अछाम | १०१५००० | १०१५००० | |
| २ | महिला तथा बालबालिका कार्यालय, अछाम | ११७५००० | ११७५००० | |
| ३ | जिल्ला कृषि विकास कार्यालय, अछाम | १६७५००० | १६६७००० | |
| ४ | जिल्ला पशुसेवा कार्यालय, अछाम | १०००००० | १०००००० | |
| ५ | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, अछाम | १६२५००० | १६२५००० | |
| ६ | जिल्ला शिक्षा कार्यालय, अछाम | १०५७००० | १०५७००० | |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय, अछाम | १४००००० | १३९७००० | स्वास्थ्य मन्त्रालयबाट साझै निकासा |
| | **जम्म** | **८९४७०००** | **८९३६५००** | |

माथि उल्लेखित बिषयगत कार्यलयहरुको लागि(जिल्ला स्वास्थ्य कार्यालय बाहेक) नेपाल सरकारको स्रोत मार्फत जिल्ला बिकास समितिलाई एकमुष्ठ रु ७५४७०००को अख्तीयारी प्राप्त भएको थियो । यसरी प्राप्त रकम मध्ये रु ७५३९५०० खर्च भएको थियो । जिल्ला भरी बहु क्षेत्रीय पोषण योजनाको लागि(जिल्ला स्वास्थ्य कार्यालय सहित) जम्मा ८९४७००० बजेट प्राप्त भएकोमा जम्मा ८९३६५०० खर्च भएको थियो ।

**विषयगत कार्यालयहरूले सम्पन्न गरेका क्रियाकलापहरू अनुसार बजेट र खर्च बिवरण :**
अघिल्लो आर्थिक वर्षमा विषयगत कार्यालयहरूले सम्पन्न गरेका क्रियाकलापहरू अनुसार बजेट विनियोजन र  खर्चको विवरण निम्न अनुसार रहेको छ :

**क) जिल्ला बिकास समितिको कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | २ | ६०००० | ६०००० |
| २ | गाबिस स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई पोषण योजना तर्जु सम्बन्धी तालिम | ७ | ३००००० | ३००००० |
| ३ | जिल्ला स्तरीय बार्षिक समिक्षा | १ | ५५००० | ५५००० |
| ४ | सिउडी र सोकट गाबिसमा आयोडिन नुनको अभिबृद्धि सम्बन्धी अन्तरक्रिया | २ | १००००० | १००००० |



स्थानिय विकास अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ५ | कुपोषणको प्रभाव तथा पोषणको महत्व सम्बन्धी सन्देश प्रशारण | ६ | २००००० | २००००० |
| ६ | कार्यक्रमको संयुक्त अनुगमन | १ | १००००० | १००००० |
| ७ | सामाजीक बिकास शाखाको सुदृढिकरण ( क्यामेरा र प्रिन्ट खरिद) | | १००००० | १००००० |
| ८ | कार्यालय सन्चालन खर्च | | १००००० | १००००० |
| | **जम्मा** | | **१०१५०००** | **१०१५०००** |

**ख) जिल्ला कृषि बिकास  कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | पोषण समुह गठन, | २० | ६०००० | ६०००० |
| २ | पोषण सम्बन्धी जिल्ला स्तरीय तालिम | २ | २६०००० | २६०००० |
| ३ | स्थलगत तालिम | २० | १००००० | १००००० |
| ४ | बर्षे तरकारी किट बितरण | ३५३३ किट | २६५००० | २६५००० |
| ५ | मेवाको बिउ बितरण | १२० | ६०००० | ६०००० |
| ६ | सुनौला १००० दिनका लाई पेन्सन योजनामा बर्षे विरुवा वितरण ढुवानी सहित | १००० आँप ५०० सुन्तला | २७९००० | २७९००० |
| ७ | जुठेल्नु पानी भण्डार | २ | २०००० | २०००० |
| ८ | कृषि उपकरण बितरण | ४० हजारी १० स्प्रेयर | १५०००० | १५०००० |
| ९ | प्लाष्टिक घर निर्माण | १० | १५०००० | १५०००० |
| १० | भकारो सुधार | १० | ५५००० | ५५००० |
| ११ | अनुगमन तथा निरक्षण | | १६५००० | १६५००० |
| १२ | संयुक्त अनुगमन | | ६७००० | ६७००० |
| १३ | प्रचार प्रसार | | ३०००० | ३०००० |
| १४ | कार्यलय सन्चालन | | १४००० | ६५०० |
| | **जम्मा रकम** | | **१६७५०००** | **१६६७५००** |

**ग) जिल्ला पसु सेवा कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | कुखुराको चल्ला खरिद तथा बितरण, ढुवानी, दाना र औषधी खरिद समेत । | ३००घर | ७४८७५० | ७४८७५० |
| २ | कुखुरापालन तथा व्यबस्थापन सम्बन्धी अभिमुखिकरण | २ | ५०००० | ५०००० |
| ३ | व्यबस्थापन | २ | ४०००० | ४०००० |



स्थानिय विकास अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ४ | अनुगमन तथा निरीक्षण भ्रमण । | १ | ८१२५० | ८१२५० |
| ५ | एफ.एम. पत्रपत्रिका सुचना प्रसारण | १ | ४०००० | ४०००० |
| ६ | संयुक्त अनुगमन तथा निरक्षण | १ | ४०००० | ४०००० |
| | **जम्मा** | | **१००००००** | **१००००००** |

**घ) जिल्ला शिक्षा कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रु | खर्च रकम |
|---|---|---|---|---|
| १ | जिल्ला स्तरमा बि.नि., स्रोत व्याक्ति र साझेदार संस्थाका प्रतिनिधिहरुलाई अभिमुखिकरण | २५ जना | २५००० | २५००० |
| २ | दिवा खाजा र पोषण सम्बन्धी अभिमुखिकरण ( जिल्ला १दिने र स्रोत केन्द्र स्तर २ दिने) | ४ वटा | ११०००० | ११०००० |
| ३ | स्रोत केन्द्र स्तरीय बि.व्य.स. अध्यक्ष र प्र.अ.लाई पोषण, सरसफाई र बाल क्लब गठन सम्बन्धी अभिमुखिकरण र किशोर किशोरीहरुलाई करेशाबारी निमार्ण सम्बन्धी अभिमुखिकरण | १२वटा | २४५००० | २४५००० |
| ४ | स्वास्थ्य शिक्षकहरुको लागि पोषण, स्वास्थ्य, तथा सरसफाई सम्बन्धी तालिम | १ | ५०००० | ५०००० |
| ५ | बाल बिकास केन्द्रका सहयोगीहरुलाई २ दिने तालिम | २ | ६०००० | ६०००० |
| ६ | महिला शिक्षक र छात्राहरुको लागि सेनिटरी प्याड निमार्ण तथा सरसफाई सम्बन्धी तालिम २ दिने । | २ केन्द्र । २५ स्कुल | ३७०००० | ३७०००० |
| ७ | कार्यक्रम अनुगमन | | ९५००० | ९५००० |
| ८ | प्रचार प्रसार | | २९००० | २९००० |
| ९ | सन्चार परिचालन | | ३०००० | ३०००० |
| १० | संयुक्त अनुगमन | | ४३००० | ४३००० |
| | **जम्मा** | | **१०५७०००** | **१०५७०००** |

**ङ) जिल्ला खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | खानेपानीको पहुच बृद्धिका लागि खा.पा. आयोजना निमार्ण । | १ | ८५०००० | ८५०००० |
| २ | जल सुरक्षा र POU बारे तालिम, सामाग्री खरिद, समिति गठन, परिक्षण | २० गाबिस | ३६०००० | ३६०००० |
| ३ | सरसफाई सामाग्री खरिद तथा | १० स्कूल | १००००० | १००००० |



स्थानिय बिकास अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | बितरण | | | |
| ४ | पूर्ण सरसफाई सम्बन्धी तालिम | १० गाबिस | २००००० | २००००० |
| ५ | संयुक्त अनुगमन | | ६५००० | ६५००० |
| ६ | पत्र पत्रिका तथा संचार माध्यम | | २०००० | २०००० |
| ७ | कार्यक्रमको सुपरिबेक्षण तथा अनुगमन | | ३०००० | ३०००० |
| | **जम्मा** | | **१६२५०००** | **१६२५०००** |

**च) महिला तथा बालबालिका कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | पोषण र लैगिक हिन्सा सम्बन्धी अन्तरक्रिया ३ दिने | ५ गाबिस | ३००००० | ३००००० |
| २ | धामी झाक्रीलाई अभिमुखिकरण १ दिने | ५ गाबिस | १४०००० | १४०००० |
| ३ | सासु बुहारी अन्तरक्रिया कार्यक्रम १ दिने | ५ गाबिस | १५०००० | १५०००० |
| ४ | बिद्यालय बिमुख किशोरीको लागि जिवन उपयोगी तथा पोषण सम्बन्धी तालिम जिल्ला स्तर | ५० जना | ३०७३०० | ३०७३०० |
| ५ | महिला पुरुष सम बिकास तथा पोषण अनुशिक्षण ३ दिने | ३ गाबिस | १८४५०० | १८४५०० |
| ६ | प्रचार प्रसार | | २०००० | २०००० |
| ७ | अनुगमन तथा प्रतिबेदन | | ७३२०० | ७३२०० |
| | **जम्मा** | | **११७५०००** | **११७५०००** |

**छ) जिल्ला स्वास्थ्य कार्यालय, अछाम ।**

| सि.नं. | मुख्य क्रियाकलापहरु | संख्या | बिनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यकर्ताहरुको अभिमुखिकरण कार्यक्रम २० वटा गा.वि.स.२ स्थानमा | २० | १३०७१० | १३०७१० |
| २ | गाउघर क्लिनिक संचालन स्वास्थ्यकमिहरुलाई अभिमुखिकरण तालिम २०वटा गा.वि.स.४० जना २ स्थानमा | ४० | ३५७४३० | ३५७४३० |
| ३ | बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन सम्वन्धी निर्देशक समिती, सरोकारवालाहरुलाई अमिुखिकरण एक दिने कार्यक्रम २०वटा गा.वि.स. | ४०० | ३८१९६० | ३८१९६० |
| ४ | पोषण सामाग्री ढुवानी | | २१५०० | २१५०० |
| ५ | एफ एम रेडियो, पत्र पत्रिका विज्ञापन खर्च | | ६३००० | ६३००० |
| ६ | सुनौला हजार दिनका आमासंगको | १७७ आमा | ४४५४०० | ४४२४०० |



स्थानिय विकास अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | अन्तरक्रिया गोष्ठी । १३ गाबिसः रामारोशन, बाराला, कालेकाडा, सिउडी, सोकट, बाब्ला, देबिस्थान, खप्तड, बिनायक, रिषीदह, ठाटी, रहफ, तुर्माखाद | समुह ४७७९ सहभागी आमा | | |
| | **जम्मा रकम** | | १४००००० | १३९७००० |

**बजेट प्रक्रिया (यस आ.ब.):** बहु क्षेत्रीय पोषण योजना अर्न्तगत यस आ.व. २०७३।७४को लागि संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयले युनिसेफ नेपालको स्रोत हुने गरी मंसिर महिनामा बजेट प्रक्रियाका निर्देशनहरू (अख्तियारी) र बिषयगत निकायहरुको लागि बजेट सिलिङ सहित जिल्ला बिकास समितिलाई बजेट अख्तियारी पठाईएको थियो । सोही अनुरुप जिल्ला बिकास समिति अछामको अगुवाईमा जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको आयोजना गरी सम्बन्धीत बिषयगत कार्यालयहरुबाट आ.ब. २०७३।०७४को लागि प्रस्तावित क्रियाकलापहरुको प्रस्तुती तथा छलफलहरु बिभिन्न चरणमा सम्पन्न गरी योजना तर्जुमा गरिएको थियो । यसरी बिषयगत कार्यालयहरुबाट प्राप्त योजनाहरु जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले आबश्यक छलफल गरी अनुमोदन गरेपछि जिल्ला बिकास समिति अछामले सबै बिषयगत कार्यालयहरुको योजनालाई एकमुष्ठ पारी नेपाल सरकारको रातो किताबमा उल्लेख भएको र मन्त्रालयबाट प्राप्त अख्तीयारीका आधारमा युनिसेफ क्षेत्रीय कार्यालय नेपालगन्जलाई बजेट निकासाको लागि FACE फाराम भरेर पठाइएको छ । सो अबसरमा निम्न कार्य सम्पन्न गरिएको थियो ।

- सबै विषयगत कार्यालयहरूलाई छुट्याईको बजेटका आधारमा विभिन्न क्रियाकलापहरूको योजना गरेर सो अनुसारको बजेट तयार गरि कार्य तालिका सहित FACE फाराम भरेर UNICEF क्षेत्रीय कार्यालय नेपालगन्जमा मिति २०७३ पौष २२ गते पठाइएको ।
- योजनाका लागि कार्यान्वयन कार्ययोजना समयाबधि निधारण गरिएको ।
- संयुक्त रुपमा सन्चालन गरिने क्रियाकलापहरुको संयुक्त योजना तयार भएको ।
- स्थानीय सन्चार माध्यम परिचालन र संयुक्त अनुगमन जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठकले अनुमोदन गरेमा जिबिसको नेतृत्वमा गर्ने ।

सबै विषयगत कार्यालयहरूलाई छुटयाईको बजेटका आधारमा सम्बन्धीत बिषयगत कार्यालयहरुले विभिन्न क्रियाकलापहरू तय गरी तपसिलको प्रस्ताबित बजेट सहित यस बर्षको आषाढ मसान्त सम्ममा सम्पन्न गर्ने गरी निम्ननुसार लक्ष्य र प्रति इकाइ बजेट सहितको कार्यकमहरु बनाईएको छ । जुन यसप्रकार रहेको छ :

## क) जिल्ला बिकास समितिको कार्यालय, अछाम ।

| सि.नं. | मुख्य क्रियाकलाप | इकाई | लक्ष | प्रति इकाई बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | गाविस स्तरयि पोषण तथा खाध सुरक्षा निर्देशक समितिको बैठक सञ्चालन | गाविस | २० | ९३५० | १८७००० |
| २ | गाविस तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र अन्य सरोकारवालाहरु संग २ दिने अनुशिक्षण | गाविस | १६ | ५२८२० | ८४५१२० |
| ३ | पोषणको महत्व एवं कूपोषणको प्रभाव र असरहरुको बारेमा सञ्चार माध्यमबाट सुचना प्रसारण तथा होडिंग बोर्ड निर्माण र पोषण सम्बन्धी case study र दस्तावेजिकरण | जना | १ | ७२००० | ७२००० |



स्थानिय विकास अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कार्यक्रम सञ्चालित गाविसमा बहुक्षेत्रिय पोषण योजना सम्बन्धि कार्यक्रम सञ्चालित गाविसका सामाजिक परिचालकहरु र महिला तथा बालबालिका कार्यालय अन्तर्गतका सामाजिक परिचालकहरुलाई २ दिने अनुशिक्षण | जिल्ला | १ | १२२८०० | १२२८०० |
| ५ | जिल्ला स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिका सदस्यहरुबाट संयुक्त अनुगमन । | गाविस | १ | ९९६०० | ९९६०० |
| ६ | नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई पोषण सम्बन्धी जानकारी दिई बानी व्यवहारमा परिवर्तन गर्नु । | गाविस | १ | ९६४०० | ९६४०० |
| ७ | कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षण जिबिस बाट | गाविस | १ | ७७०८० | ७७०८० |
| | **जम्मा खर्च** | | | | १५००००० |

## ख) जिल्ला कृषि बिकास कार्यालय, अछाम ।

| सि. नं. | क्रिर्याकलाप /सह क्रियाकलाप | लक्ष्य | इकाई | प्रति इकाई दर | जम्मा वजेट |
|---|---|---|---|---|---|
| १ | पोषण सुधार /तरकारीको महत्व सम्वन्धि तालिम स्थलगत अति बिपन्न समुदायका सुनौला १००० भित्रका परिवारको लागि तालिम | २० | वटा | १५५०० | ३१०००० |
| २ | पोषण सुधारका लागी अति बिपन्न समुदायका सुनौला १००० भित्रका परिवारको लाई तरकारी कीट बितरण (फर्सी, चलाई, पालक, वाडी, काक्रो आदी) | ३००० | किट | १२२ | ३६६४०० |
| ३ | दम्पति पेन्सन अर्न्तगत सुनौला १००० दिन भित्रका घर परिवारलाई फलफूलका विरुवा बितरण सत प्रतिशत अनुदानमा (आरु ,पुलम,खुर्पानी, सुन्तला बितरण) | ३००० | संख्या | ७१ | २१३२०० |
| ४ | सुनौला १००० दिन भित्रका आमा गर्भवती महिला लाई मेवाको विउ बितरण) | २०० | किट | ३६६ | ७३२०० |
| ५ | बेमौसमी तरकारी उत्पादन गर्न नमुना सहित मुख्य मुख्य ठाँउमा प्लाष्टिक घरमा तरकारी खेती प्रदशनी | २० | वटा | १०५०० | २१०००० |
| ६ | भकारो सुधार कार्यक्रम | २० | वटा | ६९०० | १३८००० |
| ७ | हजारी, कुटो र दाते वितरण | २०० | वटा | १११६ | २२३२०० |
| ८ | कार्यक्रम कार्यान्वयन तथा अनुगमन, सहजीकरण, भ्रमण र व्यवस्थापन खर्च | २० | पटक | ३५०० | ७०००० |
| ९ | संयुक्त अनुगमन भ्रमण खर्च | १ | पटक | ४६००० | ४६००० |
| १० | सन्चार तथा प्रकासन, प्रतिबेदन | ६ | पटक | ८३३३ | ५०००० |
| | **कुल जम्मा बजेट** | | | | १७००००० |

## ग) जिल्ला पसु सेवा कार्यालय, अछाम ।

| क्र.सं | क्रियाकलाप | इकाई | लक्ष्य | प्रति इकाई बजेट | वजेट |
|---|---|---|---|---|---|
| १ | डुवाल पपैज कुखुराको चल्ला वितरण ६२० परिवार प्रति परिवार ५ चल्लाको दरले | गोटा | ३१०० | ३५० | १०८५००० |
| २ | ढुवानी | पटक | ४ | ४०,००० | १६०००० |
| ३ | दाना खरिद(प्रति के.जी. ६० क दर ले) | के.जी. | २१७० | ६० | १३०२०० |



स्थानिय विकास अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नेपालगन्ज चल्ला लिन खटिदा ( अधिकृत स्तर कर्मचारी १ जना ) | पटक | ४ | १०००० | ४०००० |
| ५ | नेपालगन्ज चल्ला लिन खटिदा (सहायक स्तर कर्मचारी १ जना ) | पटक | ५ | ७६०० | ३०४०० |
| ६ | औषधि खरिद | पटक | ४ | १२५०० | ५०,००० |
| ७ | व्यवस्थापन | पटक | ४ | ७५०० | ३०,००० |
| ८ | कुखुरा पालन सम्बन्धि स्थलगत तालिम/अभिमूखिकरण | पटक | १८ | | ८०,००० |
| ९ | एफ.एम, पत्रिकामा सूचना प्रसारण | पटक | १ | ३५००० | ३५,००० |
| १० | अनुगमन तथा निरिक्षण दै.भ्र. | पटक | | | १९४०० |
| ११ | संयुक्त अनुगमन तथा निरीक्षण | पटक | १ | ४०००० | ४०,००० |
| | **जम्मा** | | | | **१,७००,०००** |

## घ) जिल्ला शिक्षा कार्यालय, अछाम ।

| सि.नं. | क्रियाकलाप | लक्ष | ईकाई | प्रति इकाई बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | दिवा खाजा कार्यक्रम लागू भएका विद्यालयहरु, बा.वि.के.का खाजा पकाउने व्यक्ति, खाजा व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.हरुलाई खाजा तथा पोषण सम्बन्धि अभिमूखीकरण २ दिने | ७५ | जना | २५२४ | १८९३०० |
| २ | विद्यालयका शिक्षक, शि.अ.सं, वि.व्य.स. आमा समुह र किशोर किशोरी छात्र छात्राहरुबिच वाल स्याहार,पोषण तथा सरसफाई, करेशाबारी व्यवस्थापन सम्बन्धि १ दिने अभिमूखिकरण ५०० जना को सहभागिता हूनेगरी । | २० | विद्यालय | २७१०० | ५४२००० |
| ३ | आधारभूत तह(६(८) र मा.वि (९(१२) संचालित विद्यालयका महिला शिक्षकमहिला शिक्षकहरुका लागि Sanitary Pad निर्माण तथा स्वास्थ्य सरसफाइ, छाउपडी सम्बन्धि २ दिने जिल्ला स्तरीय कार्यशाला । तालिम | २५ | जना । विद्यालय | ८८८४ | २२२१०० |
| ४ | आधारभूत तह(६(८) र मा.वि (९(१२) मा महिला शिक्षक मार्फत सम्बन्धीत बिद्यालयहरुमा Sanitary Pad निर्माण, आईरन । फोलिक एसिड तथा स्वास्थ्य सरसफाई छाउपडी, सम्बन्धि १ दिने अभिमूखिकरण र अतिरिक्त कक्षा सन्चालन । | २० | बिद्यालय | ९९३७५ | १९८७५० |
| ५ | बिद्यालयहरुमा करेशावारी निर्माण तथा प्रर्दशनी, | ५ | बिद्यालय | १५००० | ७५००० |



स्थानिय विकास अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | प्रा.वा.वि. कक्षामा पोषण कर्नरको विकास, खानेपानी तथा सरसफाई ब्यवस्थापन, पोषण सम्बन्धि पर्चा, पम्पलेट, ब्रूसियर र प्रचार प्रसार | २० | जिल्ला । विद्यालय | १५००० | ३००००० |
| ७ | रेडियो परिसम्बाद तथा पोषण सम्बन्धि मिडिया परिचालन | १ | जिल्ला | ५०००० | ५०००० |
| ८ | संयूक्त अनूगमन | १ | समूदाय | ५०००० | ५०००० |
| ९ | कार्यक्रम नियमित अनूगमन,ब्यवस्थापन भ्रमण भत्ता, प्रतिवेदन तथा विविध | १ | जिल्ला | ७२८५० | ७२८५० |
| | **जम्मा** | | | | १७००००० |

## ङ) जिल्ला खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय, अछाम ।

| सि. नं. | मुख्य क्रियाकलाप | लक्ष्य | इकाई | प्रति इकाई बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | सामान्य मर्मत सम्भार गरेर हुने योजनाको पहिचानका गरी अति बिपन्न र पिछडिएको बस्ती वा ECD तथा बिद्यालयमा खानेपानी योजनाको मर्मत सुधार गर्ने | गाविसका १ योजना | वटा | ४००,००० | ४००,००० |
| २ | VLNFSSC को बैठकको अबसर पारी V-WASH-CC पोषण व्यबहार तथा गाउँको सरसफाई सम्बन्धी समीक्षा १ दिन | २० गाविसका २० समिति | पटक | ३०,६२० | ६१२,४०० |
| ३ | गाबिस स्तरीय वाल क्लव । बिद्यालयका बाल क्लबलाई १ दिने पोषण र सरसफाई सम्बन्धी अभिमुखीकरण (शिक्षा कार्यालय संग समन्वय गरी) | १० गाविसका १० वाल क्लब | वटा | २५,७४० | २५७,४०० |
| ४ | विद्यालय तथा गाबिस स्तरीय बाल क्लबलाई पोषण र सरसफाई सम्बन्धी किट तथा औजार वितरण गर्ने । | २० गाविसका २० वाल क्लब | गोटा | १५,९९० | ३१९,८०० |
| ५ | कार्यक्रम सुपरीवेक्षण तथा अनुगमन गर्ने आपूर्ति सहयोग समेत | २० वटा गाबिसहरु | | | ३२,००० |
| ६ | संयुक्त अनुगमन तथा सुपरीवेक्षण(समितिले पहिचान गरी तोकेका गाबिस र समुदाय) | | | | २८,४०० |
| ७ | स्थानीय संचार माध्यम परिचालन तथा प्रकाशन र दस्ताबेजीकरण | समितिले तय गरेको मापदण्ड अनुसार | | | ५०,००० |
| | **जम्मा** | | | | १,७००,००० |



स्थानिय विकास अधिकारी

## च) महिला तथा बालबालिका कार्यालय, अछाम ।

| सि. नं. | मुख्य क्रियाकलाप | लक्ष्य | इकाई | प्रति इकाई वजेट | जम्मा वजेट |
|---|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरुको सहभागितामा बहू क्षेत्रीय पोषण सम्बन्धी एक दिने अभिमूखिकरण तथा समिक्षा कार्यक्रम | १ | समुह | १८७०० | १८७०० |
| २ | विद्यालयविमुख किशोरीहरुका लागि जीवनउपयोगी सीप,प्रजनन् स्वास्थ्य तथा पोषण सम्बन्धी तालीम २ दिने समुदाय स्तर | १५ | गाविस | ४२०८० | ६३१२०० |
| ३ | महिला सहकारी संस्था,समितिका सदस्यहरुलाई पोषण सम्बन्धी १ दिने अभिमूखिकरण (पोषण सुधारकोलागि संस्था समितिको भूमिका समेत) | १२ | गाविस | २४१४० | २८९६८० |
| ४ | सुत्केरी तथा गर्भबति स्याहार र लैंगिक हिंसा न्युनीकरण र पोषण सम्बन्धी अभियान संचालनको लागि महिला सहकारी संस्था तथा समितिलाई सहयोग अनुदान (संस्थाको कार्यक्रम र योजना अनुसार) | ९ | संस्था समिति | २०००० | १८०००० |
| ५ | सासुवुहारी माफ बुहारीलाई खाना र खानाको बिभेद सम्बन्धी लैंगिक हिंसा र पोषण सम्बन्धी अन्तरक्रिया तथा अभिमुखिकरण १ दिने | १६ | गाविस | २७८४० | ४४५४४० |
| ६ | स्थानीय संचार माध्यम परिचालन तथा प्रकाशन र दस्ताबेजीकरण | | | ३७००० | ५०००० |
| ७ | कार्यालयबाट नियमित सुपरिबेक्षण तथा जिल्लाका सरोकारवालाहरु बाट संयुक्त अनूमन र मुल्याकंन | | पटक | | ८४,९८० |
| | जम्मा | | | | १७००००० |

## छ) जिल्ला स्वास्थ्य कार्यालय, अछाम ।

| सि.नं. | मुख्य क्रियाकलाप | जम्मा बजेट |
|---|---|---|
| १ | स्थानीय सन्चार माध्यमबाट पोषण सम्बन्धी सन्देश प्रसारण गर्ने | ९६००० |
| २ | १००० दिनका आमाहरुको तथ्यांक संकलन गर्ने | ० |
| ३ | १००० दिनका आमाहरुको सहभागितामा अन्तरक्रिया गर्ने । | ९०३५७५ |
| ४ | गाउघर क्लिनिकमा पोषिलो जाउलो प्रदर्शनि | १८०००० |
| ५ | बहुक्षेत्रिय पोषण योजना बारे स्वास्थ्यकर्मिहरुलाई अभिमुखिकरण | ४४३२४० |
| ६ | जिल्ला स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक संचालन | ९०७५० |
| ७ | जिल्ला स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिका सदश्यहरुबाट संयूक्त अनुगमन | १५५५०० |
| ८ | स्वास्थ्यकर्मि एबं गा.वि.स. स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति को समिक्षा | ० |
| ९ | गा.वि.स. स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति को बैठक | ० |
| १० | विद्यालयका विद्यार्थिहरुलाई सनौला १००० दिनका बारेमा सचेतनामुलक क्रियाकलापहरु संचालन | २००००० |
| ११ | थप १८ वटा गा.वि.स.मा बहुक्षेत्रिय पोषण कार्यक्रम को बिस्तार र अभिमुखिकरण | ० |
| १२ | स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर स्थापना गर्ने | ३८०००० |
| १३ | स्वस्थ बच्चा प्रतियोगिता | २५०८०० |
| | जम्मा | २६९९८६५ |



स्थानिय विकास अधिकारी

**यस आर्थिक वर्षको विषयगत कार्यालयहरूको भौतिक प्रगति तथा गतिबिधिहरू :**

यस जिल्लामा बहु क्षेत्रीय पोषण योजना अर्न्तगत हाल सम्म बहु क्षेत्रीय पोषण योजना बारे तालिम, वैठक, अभिमुखीकरण र यस आ.ब.को लागि बिषयगत कार्यालयहरु सहितको बार्षिक योजना निमार्ण भई स्वीकृत भएको छ । यसै बर्ष नेपाल सरकार संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय र संयुक्त राष्ट्रसंघिय बालकोष(युनिसेफ) बीच भएको सम्झौता मुताबिक बहु क्षेत्रीय पोषण योजना कार्यान्वयमा प्राबिधिक सहयोगका लागि जिल्ला सहयोग टिम परिचालन भई कार्य गरि रहेको छ । यसका साथै जिल्ला स्थित बिभिन्न सरोकारवाला निकाय बीच समन्वय भै कार्य भई रहेको छ । यस आ.ब.को शुरुवातमा बहु क्षेत्रीय पोषण योजनाका गतिबिधि सन्चालन नभए पनि मंसिर महिना देखि भने यस कार्यक्रम अर्न्तगत बिभिन्न क्रियाकलापहरु गरिएका छन जुन निम्नानुसार रहेका छन :

| सि. नं. | सम्पन्न क्रियाकलापहरु | मिति | सहभागी | | | अवधि | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | मंगलसैन नगर पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको गठन तथा बैठक | २०७३।०८।२१ | ७ | २३ | ३० | १ दिन | |
| २ | जिल्लामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरु बीच समन्वय बैठक | २०७३।०८।२२ | २ | ११ | १३ | १ दिन | |
| ३ | जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक तथा सुनौला १००० दिनको शुरुवात र अभिमुखिकरण | २०७३।०८।२४ | ३ | २२ | २५ | १ दिन | |
| ४ | LGCDP कार्यक्रम अर्न्तगत कार्यरत सामाजीक परिचालहरुलाई योजना प्रक्रिया बारे निर्देशन तथा अभिमुखिकरण । | २०७३।०८।२९ | १५ | ३५ | ५० | १ दिन | |
| ५ | बहु क्षेत्रीय पोषण योजना र योजना प्रक्रिया बारे गाबिस सचिबहरुको लागि अभिमुखिकरण। | २०७३।०९।१ | ६ | ५१ | ५७ | १ दिन | |
| ६ | जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिका सदस्यहरुलाई बहु क्षेत्रीय पोषण योजना बारे अभिमुखिकरण र योजना तर्जुमा | २०७३।०९।३ | ३ | ३४ | ३७ | १ दिन | |
| ७ | बहु क्षेत्रीय पोषण योजनाका सर्म्पक व्यक्तिहरुको बैठक | २०७३।०९।११ | ४ | ११ | १५ | १ दिन | |
| ८ | जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक | २०७३।०९।१२ | ५ | २७ | ३२ | १ दिन | |
| ९ | जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिलाई योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण | २०७३।०९।१२ | ५ | २७ | ३२ | १ दिन | |
| १० | गाबिस स्तरीय योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण (सिउडी गाबिस) | २०७३।०९।१३ | ५ | २२ | २७ | १ दिन | |
| ११ | गाबिस स्तरीय योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण (सोकट गाबिस) | २०७३।०९।१४ | ३ | १५ | १८ | १ दिन | |
| १२ | जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक | २०७३।०९।१९ | २ | २० | २२ | १ दिन | |
| १३ | पोषण सम्बन्धी सन्देश प्रशारण र प्रकाशन | २०७३।०९।२० | सबै स्थानीय एफ.एम. र | | | | |



स्थानिय विकास अधिकारी

| | | | |
|---|---|---|---|
| | | | पत्रपत्रिकाबाट नियमित प्रशारण तथा प्रकासन । |
| १४ | अछाम जिल्लाको आबधिक जिल्ला बिकास योजना(२०७३ देखि २०७६) मा बहु क्षेत्रीय पोषण योजनाका क्रियाकलापहरु समाबेश गरेको । | २०७३ पौष | सबै बिषयगत कार्यालयका योजनाहरुमा समेत बहु क्षेत्रीय पोषण योजना समाबेश भएको । |

यस अछाम जिल्लामा रहेका बहु क्षेत्रीय पोषण योजना लागु भएका २० वटा गाबिसमा जिल्ला बिकास समिति र जिल्ला स्वास्थ्य कार्यालय अछामको अगुवाईमा गाविस स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन भएको छ । त्यसै गरी जिल्लाका बाँकी गाबिस(३६) र नगरपालिका (३)मा पनि गाबिस तथा नगर पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन भएको छ तर त्यसको संस्थागत बिकास र गतिशिलतामा भने निरन्तरता भएको पाईदैन ।

यस वर्ष जिविसको आ.व. २०७४/०७५ को लागि पठाईएको बजेट सिलिङ र मार्ग निर्देशन समेत पठाई बहुक्षेत्रीय पोषण योजनाको लागि पोषण लक्षित तथा पोषण सम्बेदनसिल जस्ता क्रियाकलापको योजना तर्जुमा र प्रभावकारी कार्यान्वयनको लागि आवस्यक पर्ने समपुरक कोष छुट्टाउनु पर्ने बारे सबै गाबिस सचिबहरुलाई निर्देशन दिईएको छ । सोही अनुरुप बहु क्षेत्रीय पोषण योजना लागु भएका केही गाबिसहरुले पोषण तथा स्वास्थ्यका लागि केही रकम बिनियोजन गरेका छन । यसरी पोषण लक्षित तथा सम्बेदनशिल क्रियाकलापका लागि बजेट बिनियोजन गर्ने गाबिसहरुमा बिनायक, सिउडी, सोकट, कालेकाडा, तुर्माखाँद, नाडा, रहफ, भैरवस्थान, ढुंगाचाल्ना, ठाँटी रहेका छन ।

**वकालत र सञ्चार कार्यहरू :**

अछाम जिल्लामा छाउ हुदा र सुत्केरी हुदा घर देखि टाढा छुट्टै सानो गोठमा बस्ने र सो बेला पोषिलो खाने कुरा खान नदिनुका साथै चर्पी प्रयोगमा समेत अनुमति नहुने अबस्थालाई मध्ये नजर गरी जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठकले निर्णय गरी सोको सम्बोधनका लागि स्थानीय एफ.एम.हरुबाट सन्देशहरु प्रशारण गर्ने र स्थानीय पत्र पत्रिकाहरुमा सन्देश प्रकाशन गर्ने कार्य भैई रहेको छ । त्यसै गरी जिल्ला बिकास समिति अछाम र जिल्ला प्रशासन कार्यालयको अगुवाईमा छाउपडी प्रर्था न्यूनिकरणका लागि जिल्ला स्तरमा बिभिन्न चरणमा बैठक तथा अन्तरक्रियाको आयोजना गरी सबै सरोकारवालाहरुले कार्य गर्ने र यसलाई सामाजीक अपराधको रुपमा लिई यो प्रर्था मान्ने लाई जिविस तथा गाबिस स्तरमा प्रदान गरिने सेवा तथा सुबिधाबाट बन्चीत गर्ने र सोको लागि राजनीतिक दलले पनि सहयोग गर्ने सहमति भै सोही अनुसार कार्य भै रहेको छ । त्यसै गरी जिबिस लगायत विभिन्न विषयगत कार्यालयहरु र पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाले बहु क्षेत्रीय पोषण योजना र पोषणसंग सम्बन्धित सन्देशमूलक सूचनाहरु स्थानीय एफ एम र पत्र पत्रिकाहरु मार्फत प्रसारण र प्रकाशन गरी रहेका छन । त्यसै गरी जिल्ला बिकास समिति अछामले LGCDP अर्न्तगत कार्यरत सामाजीक परिचालकहरुलाई बस्ती स्तरको योजना तर्जुमा देखि नै पोषण लक्षित तथा सम्बेदनशिल योजना छनौटको लागि आबश्यक सहजीकरण गर्न र नागरिक सचेतना केन्द्रहरुमा पोषणबारे छलफल गर्न निर्देशन तथा अभिमुखिकरण गरेको थियो ।

**जिल्लाको पोषण प्रोफाइल तयारीको अवस्था :** पोषण तथा खाद्य सुरक्षाका सुचकहरुको अवस्थालाई विश्लेषण गर्दा अछाम जिल्लामा पोषणको स्थिति अत्यन्त भयावह रहेको छ । युनिसेफ नेपालले सन् २०१२ मा अछाममा गरेको सर्बेक्षण अनुसार ५ बर्षमुनिका बालबालिका मध्ये करिब ६८ प्रतिशत कुपोषित छन भन्ने देखाएको छ । त्यसै गरी पुड्कोपना ४७ प्रतिशत, ख्याउटेपना ९ प्रतिशत र कम तौल हुनेको संख्या ३२ प्रतिशत रहेको छ । सन २०१२ पछि जिल्लामा माथीका सुचकहरुको अद्यावधिक भने हुन सकेको छैन ।



स्थानिय विकास अधिकारी

जिल्ला बिकास समितिले जिल्लाको समग्र स्थिति बुझाउने जिल्ला प्रोफाईल तयार गरेको छ । यद्धपि हाल सम्म पोषणको अबस्थाको लागि छुट्टै प्रोफाईल तयार भएको छैन । तर यसको आबश्यक्ता भने महशुस भएको छ । सो कार्यका लागि यसै बर्ष भित्र जिल्लामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरु र बिषयगत कार्यालयहरुसंग छलफल गरी कार्य अगाडी बढाउने योजना रहेको छ ।

**चुनौती र सवालहरू र तिनलाई सम्बोधन गर्न चालिएका प्रयासहरू :**

बहु क्षेत्रीय पोषण योजना अन्तरगतका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा विभिन्न खालका चुनौती तथा समस्याको सामना गर्नु परिरहेको छ । यस कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन जिल्ला विकास समिति तथा अन्य विषयगत कार्यालयहरुबाट हुने भएकोले कतिपय कुरामा समस्या तथा चुनौती देखिएका छन । जुन निम्न प्रकार रहेका छन :

- बिभिन्न बिषयगत कार्यालयहरुबाट बहु क्षेत्रीय पोषण योजना लागि तोकिएका तालिम प्राप्त सर्म्पक व्यक्तिहरुको सरुवा तथा फेरबदलले गर्दा कार्यक्रमको बुझाईमा फरक पर्न गएको छ । त्यसै गरी सर्म्पक व्यक्तिहरुको कार्य ब्यस्तताले पनि सोचे अनुरुपको कार्य हुन सकेको छैन ।
- जिबिस तथा बिषयगत कार्यालयका प्रमुख तथा सर्म्पक व्यक्तिहरुको क्षमता बिकासका कार्यक्रम हुन नसेकेको ।
- नेपाल सरकार तथा दातृ निकायबाट प्राप्त हुने बजेट समयमा नै निकासा नहुने र केन्द्रबाट उपलब्ध बजेट जिल्ला र गाबिसको आकार, जनसंख्या र भौगोलिक आधारमा नभएको र प्राप्त हुने बजेट न्यून भएका कारण बहु क्षेत्रीय पोषण योजना लागु भएका सबै गाबिसका सबै घर परिवारमा पुग्न कठिनाई भएको ।
- बहु क्षेत्रीय पोषण योजना लागु भएका अधिकाँस गाबिसहरु भौगोलिक रुपमा दुर्गम तथा विकट भएका कारण कार्यक्रमको कार्यान्वयन तथा नियमित अनुगमन गर्न कठिनाई भएको ।
- बस्ती स्तरको योजना छनौटमा भौतिक पूवधारलाई नै बढी जोड दिने भएकोले पोषण सम्बन्धीका योजनाहरु स्थानीय राजनीतिक दलको प्राथमिकतामा कमै पर्ने गरेको ।
- गाबिस स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक, गाबिस सचिवहरुको फेरबदल तथा व्यस्तताले नियमित सन्चालन हुन कठिनाई भएको ।
- पोषण अबस्थामा सुधार गर्न राजनीतिक दलका कार्यकर्ता र सन्चारकर्मीहरुलाई आबश्यक्ता अनुसार सचेतिकरण गर्न नसकिएको ।
- बहु क्षेत्रीय पोषण योजनाले निदृष्ट गरेको समन्वय खाका अनुरुप सबै तहमा समन्वयको अभाव देखिएको ।
- बहु क्षेत्रीय पोषण योजना अर्न्तगत सम्पन्न क्रियाकलापहरुको प्रगति प्रतिबेदन तथा आबश्यक रेर्कडहरु बिषयगत कार्यलयहरु संग व्यबस्थित तथा नभएको ।

**अघिल्लो आर्थिक वर्षमा प्राप्त सिकाई र नविनतम अभ्यासहरू :**

बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन गर्ने क्रममा सबै भन्दा महत्वपूर्ण कार्य भनेको जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको क्रियाशिलता र बिषयगत कार्यलयहरु बीच समन्वय राम्रो देखिएको छ । यस्का साथै जिल्लामा पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले पनि आबश्यक सहयोग तथा समन्वयमा गर्ने गरिएको छ । जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक पनि नियमित भई रहेको छ र कार्यक्रमको योजना , कार्यान्वयन तथा अनुगमनबारे जिल्ला पोषण तथा खाद्य निर्देशक समितिको छलफल हुने



स्थानिय विकास अधिकारी

गरेको छ । यस बर्ष समितिको बैठक नियमित गर्न जिल्ला स्वास्थ्य कार्यालय मार्फत रकम समेत बिनियोजन गरिएको छ । समुदाय स्तरमा कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा गाविसका क्रियाशील सामाजिक परिचालकहरुलाई पनि संलग्न गराइएको छ, जस्ले गर्दा पोषणको बारेमा समुदाय सचेत भएको पाईएको छ । गत बर्षका कार्यान्वयन अभ्यासका केही सिकाईहरु तपसील बमोजिम रहेका छन ।

- जिल्ला स्तरमा विभिन्न सरोकारवाला निकाय वीच सम्पर्क समन्वय गर्ने अभ्यासको थालनी भएको ।
- कार्यक्रमले वडा नागरीक मंच, नागरीक सचेतना केन्द्र महिला स्वास्थ्य स्वयं सेवीकाहरुलाई परिचालन गरि क्रियाकलापहरु कार्यान्वयन गर्ने गरेको ।
- स्थानीय संन्चार माध्यम परिचालन गर्ने गरिएको ।
- बहु क्षेत्रीय पोषण योजना लागु भएका ७ वटा गाबिसमा पोषण योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण भएको ।
- स्थानीय स्तरमा जिल्ला स्वास्थ्य कार्यालय मार्फत आमा समुहको बैठकमा पोसिलो जाउलो तथा लिटो प्रर्दशन गरीएको ।
- जिल्ला स्थित राजनीतिक दल तथा सन्चारकर्मीहरुलाई सचेतीकरण गर्दा स्थानीय योजना तर्जुमा गर्दा पोषणका योजना समाबेश गर्न सजिलो हुने ।

**बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनमा जिल्ला विकास समितिको मन्तव्य :**

अछाम जिल्लामा शुरुमा आ.व २०७०/७१ बाट ४ वटा गाविसमा नमुनाको रुपमा बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भई हाल २० वटा गाविसमा सञ्चालन भै रहेको छ । यस प्रयासले सिमित स्रोत साधनका बावजुद पनि जिल्लाको कुपोषणको अवस्थालाई कम गर्न सबै सरोकारवालालाई झकझक्याएको छ । पोषणको अबस्थामाा सुधार ल्याउन बहु क्षेत्रीय समन्वय र सहकार्य हुनु पर्ने कुरामा जिल्लाका प्रमुख सरोकारवाला निकायको साझा बुझाई रहेको छ । सिमित स्रोत साधन र प्रयाप्त जनशक्तिको अभावले जिल्लामा भएको कुपोषणको सुधार ल्याउन निकै चुनौतीपुर्ण पनि रहेको छ ।

जिल्ला विकास समिति तथा अन्य विषयगत कार्यालयबाट सञ्चालन हुने बहु क्षेत्रीय पोषण योजना अन्तरगतका सवै कार्यक्रमको प्रभावकारी कार्यान्वय र यसको ब्यवस्थापन, कार्यान्वयन तथा अनुगमनका लागि जिविस अछामले आबश्यक पहल चाल्ने सहमति भएको छ । जिविसले कार्यक्रमको संयुक्त अनुगमन तथा संयुक्त सन्चार माध्यम परिचालनका लागि आबश्यक प्रबन्ध गरि कार्यक्रमलाई थप प्रभावकारी वनाउन नेतृत्व लिने छ ।

यसै गरि कार्यक्रमको निरन्तर प्रगति फलो अप गरि कार्यक्रम संग सम्बन्धित समस्या, सवाल तथा चुनौतिलाई सम्बोधन गर्नका लागि जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाइ सक्रिय वनाइने छ । यसको वैठकलाई मासिक रुपमा सञ्चालन गरिने छ । साथै समुदाय स्तरमा सञ्चालन भइरहेका कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा आबश्यक सम्पर्क समन्वयका लागि गाबिस स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठकलाई नियमित गराउन आबश्यक बजेटको प्रर्बन्ध गरी गाविस सचिवहरुलाई निर्देशन गरिएको छ ।

समुदाय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्दा सवै कार्यालयहरुले समन्वय गरी आश्यक्ता अनुसार संयुक्तरुपमा सन्चालन गर्ने र जिल्ला तथा समुदाय स्तरमा सन्चालन गरिने तालिमहरुको लागि बिषय बिज्ञहरुको समुह बनाई तालिमका बिषयबस्तु तयार गर्ने सबै निकायले सन्चालन गर्ने तालिममा सोही बिषय बस्तुको प्रयोग गरिनेछ । समुदाय स्तरमा कार्यकम गर्दा सुनौला १००० दिनका आमा तथा बालबालिकाहरुलाई केन्द्रमा राखि कार्यकम सन्चालन गर्न पहल गरिने छ ।

आगामि दिनहरुमा पनि पोषण सम्बन्धी सवालहरुलाई मुल प्रवाहीकरण गरि सवै सरोकारवाला पक्षलाई यस क्षेत्रमा कार्य गर्न पहल गरिने छ ।



स्थानिय विकास अधिकारी

कार्यक्रमसंग सम्बन्धीत फोटोहरु :







स्थानिय विकास अधिकारी











स्थानिय विकास अधिकारी